# नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

### आयोजना क्लष्टर इकाई, सप्तरी।

### सूचना नं. ०३

### सूचना प्रकाशित मितिः २०७९।०४।१०

**विषयः साना सिँचाइ कार्यक्रममा अनुदान सहयोगको लागि आवेदन पेश गर्ने बारे सूचना ।**

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई सप्तरीको आ. व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोजना क्षेत्रका गाउँपालिकाहरूमा गठन र दर्ता भई परिचालन भएका बाली उत्पादनमा संलग्न कृषक समूहहरूको लागि साना सिँचाइ कार्यक्रममा अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रममा सहभागीताका लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७९।०४।२४ गते सम्म) तोकिएको ढाँचामा प्रस्ताव सहित कागजातहरू संलग्न गरी आवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ । रितपूर्वकको आवेदन सहितको प्रस्ताव र आवश्यक कागजातहरू पेश भएका आवेदनहरू मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ । साना सिँचाइ कार्यक्रमको अनुदान सहयोग प्रति प्रस्ताव रू. १,५०,०००। (एक लाख पचास हजार)सम्म वा कुल लागत अनुमानको ८५ प्रतिशत मध्ये जुन न्यून छ सोही बराबरको रकम आयोजनाबाट अनुदान स्वरूप उपलव्ध गराइनेछ । उत्पादक कृषक समूहको तर्फबाट लागत सहभागीताको योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

**साना सिँचाइ कार्यक्रमका लागि अनुदान सहयोगका क्षेत्रहरूः**

(क) सतह तथा भूमिगत श्रोतको पानीमा आधारित कुलो सुधार/मर्मत सम्भार, संरक्षण, पोखरी निर्माण, अस्थायी बाँध, पैनी, पम्पसेट, लगायत निर्माण, मर्मत सम्भारका र सुधारका लागि निर्माण सामग्री खरिद र औजार उपकरण जडान ।

(ख) नयाँ प्रविधि (प्लाष्टिक पोखरी निर्माण, बोरिङ्गआदि) मा आधारित सिँचाइ संरचना निर्माण, मर्मत सम्भार, सुधार, साना सिँचाइ संरचनाहरूको लागि निर्माणसामग्री खरिद र औजार उपकरण जडान ।

(ग) पुराना साना सिँचाइ संरचनाहरूको मर्मत सम्भार ।

**कृषक समूहले पेश गर्नु पर्ने कागजातहरुः**

(क) अनुसूची–२ बमोजिमको ढाँचामा आवेदन ।

(ख) कृषक समूह गाउँपालिलकामा दर्ता भएको प्रमाण–पत्र तथा नविकरणको छाँयाप्रति ।

(ग) कृषक समूहको स्थायी लेखा नम्वरको छाँयाप्रति ।

(घ) अनुसूची–३ बमोजिमको प्रस्ताव ।

(ङ) साना सिँचाइ कार्यक्रमको लागि अनुदान सहयोगका लागि आयोजना क्लष्टर इकाईमा प्रस्ताव सहित आवेदन गर्ने, लागत सहभागीतामा योगदान गर्ने र समूहको आधिकारीक व्यक्ति तोकेको सम्बन्धमा कृषक समूहको बैठकले गरेको निर्णयको छाँयाप्रति ।

(च) वातावरणीय तथा सामाजिक आचार संहिता (अनुसूची–४) ।

(छ) प्रस्तावित साना सिँचाइ कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा पानीको मुहानमा मा कुनै विवाद नरहेको सम्बन्धित गाउँपालिका वा वडा कार्यालयको सिफारिश ।

**नोटः** कार्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागि आयोजना क्लष्टर इकाई सप्तरीको सम्पर्क नं. ०३३-५२२३७१ वा आयोजना क्षेत्रका गाउँपालिकामा कार्यरत सेवा प्रदायक प्राविधिकहरूबाट समेत लिन सकिनेछ ।